**अध्याय १**

# पत्रकारिता तथा आमसञ्चार शिक्षाको वर्तमान अवस्था

पत्रकारिताको ज्ञान दुई तरिकाबाट आर्जन गर्न सकिन्छ : पढाइ र तालिम । नेपालमा तीनओटा विश्वविद्यालयले पत्रकारिता शिक्षा पढाइरहेका छन्। पत्रकारितासम्बन्धी तालिम दिने संस्थाको संख्या भने धेरै नै छ । कति संस्थाले पत्रकारितासम्बन्धी तालिम दिइरहेका छन् भन्ने यकिन तथ्याङ्क कुनै निकायसँग छैन ।

यस अध्यायमा पत्रकारिता शिक्षाको वर्तमान अवस्थाबारे सङ्क्षिप्त चर्चा गरिएको छ । विभिन्न विश्वविद्यालयले पढाइरहेका पाठचक्रमको लेखाजोखा गरिएको छ । अध्यायलाई तीन खण्डमा बाँडिएको छ । पहिलो खण्डमा पत्रकारिता शिक्षाको वर्तमान अवस्थाबारे जानकारी गराइएको छ । दोस्रो खण्ड, अहिले विभिन्न तहमा पढाइने पत्रकारिता शिक्षाको पाठचक्रममा केन्द्रित छ । अन्तिम खण्डमा चाहिं निष्कर्ष प्रस्तुत गरिएको छ ।

## पत्रकारिता शिक्षाको वर्तमान अवस्था

नेपालमा विद्यालय तहदेखि नै पत्रकारिताको अध्यापन भइरहेको छ । पत्रकारिताको औपचारिक शिक्षा रत्न राज्यलक्ष्मी (आरआर) क्याम्पसबाट सुरु भएको हो । २०३३ सालमा त्यहाँ प्रमाणपत्र तहबाट पत्रकारिताको औपचारिक कक्षा सुरु भएको थियो । त्यसभन्दा अघि सञ्चारमाध्यममै काम गर्ने सिलसिलामा पत्रकारिताको ज्ञान आर्जन

गरिन्थ्यो । यसलाई हामी अनौपचारिक शिक्षाका रूपमा लिन सक्छौं । २०१४ सालमा नेपालमा पत्रकारिता क्षेत्रको समस्याबारे अध्ययन गर्न प्रेस कमिसन बनेको थियो । यस कमिसनले २०१५ मा प्रतिवेदन बुझाउने क्रममा पत्रकारिता शिक्षाबारे पनि उल्लेख गरेको थियो । प्रतिवेदनमा पत्रकारिता क्षेत्रको विकासका लागि पत्रकारिता शिक्षा र तालिम सञ्चालनको आवश्यकता औंल्याइएको थियो (चापागाईं २०६०[२०१५] : ३१४) । कमिसनले प्रतिवेदन बुझाएको १८ वर्षपछि आरआर क्याम्पसमा पत्रकारिताको औपचारिक कक्षा सुरु भयो । त्यति बेला यसलाई पढाइको विषयका रूपमा नहेर्ने व्यक्ति पनि थिए । उनीहरू पत्रकारिता अभ्यासबाट मात्र सिक्न सकिने विषय हो भन्ठान्थे । त्यति बेला यस्तो सोचाइ राख्नु अस्वाभाविक पनि थिएन । किनभने पत्रकारिताको अध्यापन सुरु गरिंदा यस्तो आवाज अन्यत्र पनि उठेको पाइन्छ ।[1] तर पढाइले निरन्तरता पाउँदै गएपछि मात्र पत्रकारिता क्याम्पसमा सिक्न सकिने विषयका रूपमा स्थापित भयो (राई २०४३) । पाटन क्याम्पसमा २०३६ सालबाट पत्रकारितामा स्नातक तहको अध्यापन सुरु भयो ।

२०३० को दसकमा बनाइएको पाठ्यक्रममा २०४७ सम्म आइपुग्दा परिमार्जनको आवश्यकता देखिइसकेको थियो । मुख्य दुई कारणले पाठ्यक्रममा धेरै नै परिमार्जन गर्नुपरेको थियो । २०४६ मा पञ्चायती व्यवस्थाको अन्त्य भएपछि पत्रकारितासम्बन्धी कानुन तथा नीति नियम र योजनाहरू असान्दर्भिक भए । यसर्थ पनि पाठ्यक्रम परिमार्जनको आवश्यकता महसुस भयो । अनि, परिमार्जनको अर्को कारण पाठ्यक्रम छापामाध्यममा मात्र केन्द्रित हुनु पनि हो । प्रसारण माध्यमको विकास भइसकेकाले पनि पाठ्यक्रममा सुधार आवश्यक थियो । पत्रकारिता शिक्षाको पाठ्यक्रम अद्यावधिक गर्न २०४७ मा आयोजित सम्मेलनले पाठ्यक्रम परिमार्जन गर्नुका साथै विभागको नामसमेत परिवर्तन गर्‍यो । विभागको नाम पत्रकारिताबाट पत्रकारिता तथा आमसञ्चारमा परिणत भयो । यसपछि भने प्रसारण माध्यमलाई पनि पाठ्यक्रममा समेटियो (राई सन् १९९१, राई सन् २००७ ) ।

२०४७ सम्म पनि पत्रकारिता शिक्षा काठमाडौंमा नै केन्द्रित थियो । २०५३/५४ मा आएर बल्ल उच्च माध्यमिक तह[2]मा पनि पत्रकारिता शिक्षा सुरु भयो । २०५८ मा पाँचओटा क्याम्पसमा उच्च माध्यमिक तहमा पत्रकारिता शिक्षा पढाइन थालियो (पोखरेल मिति नखुलेको) । यो संख्या बढेर २०६६ मा २ सय

---

[1] संयुक्त राज्य अमेरिकामा सन् १८८० को दसकमा पत्रकारिता शिक्षा सुरु हुँदा केही सम्पादक र संवाददाताले यसलाई समयको बरबादीका रूपमा लिएका थिए (मेद्सगर सन् २००५) ।

[2] नेपालमा कक्षा १-५ लाई प्राथमिक, ६-८ लाई निम्नमाध्यमिक, ९-१० लाई माध्यमिक र ११-१२ लाई उच्च माध्यमिक तह बुझिन्छ ।

**तालिका १.१ : नेपालमा उपलब्ध पत्रकारिता शिक्षाको विवरण**

| क्र.सं. | संस्था/विश्वविद्यालय | तह | पाठ्यक्रम |
|---|---|---|---|
| १ | नेपाल सरकारको बोर्ड | माध्यमिक | पत्रकारिता (कक्षा ९) |
| | | | पत्रकारिता (कक्षा १०) |
| २ | उच्च माध्यमिक शिक्षा परिषद् | उच्च माध्यमिक | आमसञ्चार तथा पत्रकारिता-१ |
| | | | आमसञ्चार तथा पत्रकारिता-२ |
| ३ | त्रिभुवन विश्वविद्यालय | प्रमाणपत्र | आमसञ्चार (पत्रकारिता) १ |
| | | | आमसञ्चार (पत्रकारिता) २ |
| | | स्नातक | पत्रकारिता |
| | | स्नातकोत्तर | पत्रकारिता तथा आमसञ्चार |
| ४ | पूर्वाञ्चल विश्वविद्यालय | स्नातक | मिडिया प्रविधि |
| | | | आमसञ्चार र पत्रकारिता |
| | | स्नातकोत्तर | मिडिया प्रविधि |
| | | | आमसञ्चार र पत्रकारिता |
| | | | विकास सञ्चार |
| ५ | काठमाडौं विश्वविद्यालय | स्नातक | मिडिया अध्ययन |

स्रोत : पन्त (सन् २००९ : २२)।

१० पुग्यो; ३३ जिल्ला मा पत्रकारिता शिक्षा पढाइन थालियो। तर, यी २ सय १० क्याम्पसमध्ये आधाभन्दा बढी (१३० ओटा) क्याम्पस चाहिं काठमाडौंमै थिए।

२०५८ मा पत्रकारिता शिक्षा माध्यमिक तहमा समेत विस्तार भयो। अहिले काठमाडौंबाहिरका स्कुलमा पनि पत्रकारिता शिक्षा पढ्न सकिने भएको छ। काठमाडौंबाहिरका केही क्याम्पसले पनि स्नातक तहमा पत्रकारिता शिक्षा पढाइरहेका छन्। तर, स्नातकोत्तर तहको पत्रकारिता शिक्षा भने काठमाडौंमा मात्र उपलब्ध छ। २०५८ मा एकैपल्ट आरआर, कान्तिपुर सिटी कलेज (केसीसी) र कलेज अफ जर्नालिज्म एण्ड मास कम्युनिकेसन (सिजेएमसी) ले स्नातकोत्तर तहमा पत्रकारिता शिक्षा पढाउन सुरु गरेका थिए। आरआर क्याम्पस त्रिभुवन विश्वविद्यालय (त्रिवि) अन्तर्गत छ भने केसीसी र सिजेएमसी क्याम्पस चाहिं पूर्वाञ्चल विश्वविद्यालय (पूवि) अन्तर्गत। तर, यी तीनओटै क्याम्पसको पत्रकारिता विषयको पाठ्यक्रममा त्यति धेरै फरक भने छैन। स्नातक तहमा पत्रकारिता पढेका विद्यार्थीले मात्र आरआरमा स्नातकोत्तर तहमा पत्रकारिता पढ्न पाउँछन्। तर, यो प्रावधान केसीसी र सिजेएमसीमा छैन। सिजेएमसीले विकास सञ्चारमा पनि स्नातकोत्तर तहको कक्षा सञ्चालन गरिरहेको छ। सेफर्ड कलेज अफ मिडिया टेक्नोलोजी र मदन भण्डारी मेमोरियल कलेजले २०६७ देखि पत्रकारितामा स्नातकोत्तर तहको शिक्षा सुरु गर्न लागेका छन्। पूविअन्तर्गत रहेको सेफर्ड कलेजले मिडिया टेक्नोलोजीमा र त्रिविअन्तर्गत रहेको मदन भण्डारी मेमोरियल कलेजले पत्रकारिता तथा आमसञ्चारमा पत्रकारिताको कक्षा सञ्चालन गर्दै छन्।

तालिका १.१ मा हेर्दा नेपालमा अहिले आमसञ्चारसम्बन्धी मोटामोटी चार किसिमका पढाइ भइरहेका छन् । पहिलो पढाइ हो, पत्रकारिता र आमसञ्चार । यो शिक्षा कक्षा ९ देखि स्नातकोत्तर तहसम्म पढाइ हुन्छ । कक्षा ९ र १० मा शिक्षा मन्त्रालयले, कक्षा ११ र १२ मा उच्च माध्यमिक शिक्षा परिषद्ले र प्रमाणपत्र तहदेखि स्नातकोत्तर तहसम्म त्रिवि र पूविले यस्तो कक्षा सञ्चालन गरिरहेका छन् । त्रिवि र पूविले शब्दलाई अगाडि-पछाडि राखेर पाठ्यक्रममा फरक देखाउन खोजेका छन् । त्रिवि जसलाई पत्रकारिता र आमसञ्चार भन्छ; पूवि त्यसैलाई आमसञ्चार र पत्रकारिता भन्छ । तर, पाठ्यक्रम हेर्ने हो भने यी दुवैले समेटेका विषयमा खासै फरक छैन ।

दोस्रो पढाइ हो, मिडिया अध्ययन । यसलाई काठमाडौं विश्वविद्यालय (कावि) ले आफ्नो पाठ्यक्रममा समावेश गरेको छ । काविले यसलाई भाषा र आमसञ्चार विभागअन्तर्गत राखेको छ । यो सन् २००६ देखि स्नातक तहमा सञ्चालन भइरहेको छ (केयु सन् २००६) । २०६७ सम्म पनि यो स्नातक तहमै सीमित छ ।

पत्रकारिताको तेस्रो पढाइ हो, मिडिया टेक्नोलोजी । पूविको सम्बन्धनमा सेफर्ड कलेज अफ मिडिया टेक्नोलोजीले २०५८ देखि स्नातक तहमा यो विषय पढाउँदै आइरहेको छ । यसले २०६७/६८ देखि स्नातकोत्तर तहको कक्षा पनि सञ्चालन गर्न लागेको छ ।

आमसञ्चारअन्तर्गत चौथो किसिमको पढाइ विकास सञ्चार हो । सिजेएमसीले २०६३ देखि यस विषयमा स्नातकोत्तर तहको कक्षा सञ्चालन गरिरहेको छ ।

सरकारी क्याम्पसको तुलनामा निजी क्याम्पसमा पत्रकारिता शिक्षा महँगो छ । आरआर क्याम्पसमा स्नातकोत्तर तहको पढाइ पूरा गर्न ४० हजार भए पुग्छ ।[३] तर, केसीसीमा यसै तहको पढाइ पूरा गर्न १ लाख ३७ हजार चाहिन्छ ।[४] यस्तै, सिजेएमसीमा यसै तहका लागि १ लाख १० हजार ८ सय ५० रुपियाँ आवश्यक पर्छ ।[५] शुल्कको यति ठूलो अन्तरका कारण निजी क्याम्पसहरूको तुलनामा सरकारी क्याम्पसमा पढ्नेहरूको घुइँचो हुने गर्छ ।

---

[३] आरआर क्याम्पसका कायम मुकायम प्रशासक गोविन्द खड्कासँग २०६७ असोज ६ मा गरिएको कुराकानी ।

[४] केसीसीका आमसञ्चार तथा पत्रकारिता विभागका कार्यालय संयोजक राजीव तिमिल्सिनासँग २०६६ मङ्सिर १९ मा गरिएको कुराकानी ।

[५] सिजेएमसीको वेबसाइट http://www.cjmc.edu.np/fee_structure.php मा उल्लेख । यो वेबसाइट २०६६ मङ्सिर १९ मा हेरिएको थियो ।

मानविकी र शिक्षा सङ्कायका विद्यार्थीले स्नातक तह तेस्रो वर्षमा कार्यमूलक पत्रका रूपमा १०० पूर्णाङ्कको पत्रकारिता पढ्न सक्छन् । मानविकी सङ्कायमा ऐच्छिक विषयका रूपमा मिडिया, पत्रकारिता र आमसञ्चार नामक कार्यमूलक पत्र पनि राखिएको छ । यो विषय पत्रकारिता नपढेकालाई पत्रकारिताको सामान्य ज्ञान दिन सुरु गरिएको हो ।[६] यस्तै, शिक्षा शास्त्र सङ्कायअन्तर्गत स्नातक तह तेस्रो वर्षमा अङ्ग्रेजी पढ्ने विद्यार्थीका लागि आमसञ्चारको १०० पूर्णाङ्कको पाठ्यक्रम राखिएको छ । यस पाठ्यक्रमको उद्देश्य विद्यार्थीलाई आमसञ्चारका गुण र तिनीहरूमा प्रयुक्त भाषाको ज्ञान दिनु हो ।[७]

अङ्ग्रेजी विषयको स्नातकोत्तर तहमा पनि मिडिया अध्ययन नामक पत्र राखिएको छ । यसले पत्रकारिताको प्रयोगात्मक सीप सिकाउनेभन्दा पनि सञ्चारमाध्यम र समाजको सम्बन्ध बुझ्न सघाउँछ । यसले विद्यार्थीलाई सञ्चारमाध्यममा प्रयोग हुने भाषाबारे सचेत बनाउँछ (सिडिसी सन् १९९९) । अङ्ग्रेजीमा स्नातकोत्तरहरू अङ्ग्रेजी भाषाको पत्रकारितामा संलग्न हुने गरेकाले पाठ्यक्रममा यो विषय समेटिएको हो (लोहनी र अरू सन् १९९५) ।

## विभिन्न तहमा पाठ्यक्रमका विषयवस्तु

शिक्षामा पाठ्यक्रमको स्थान महत्त्वपूर्ण हुन्छ । विद्यार्थीलाई कुन विषयको ज्ञान कुन समयमा र कसरी दिने भन्ने सोचका साथ पाठ्यक्रम तयार गरिन्छ (इगान सन् १९७८ : ६६) । त्यसैले पत्रकारिता शिक्षाको पाठ्यक्रमले पनि कुन तहको विद्यार्थीलाई पत्रकारिताको कुन पक्षको जानकारी दिने भन्ने बाटो देखाउँछ ।

नेपालको अहिलेको शैक्षिक तहलाई प्राथमिक, माध्यमिक, उच्च माध्यमिक र उच्च शिक्षा भनिएको पाइन्छ । नेपालमा अहिले कक्षा ९ देखि स्नातकोत्तर तहसम्म पत्रकारिता र आमसञ्चारको पढाइ भइरहेको छ । अमेरिकामा भएको एक अध्ययनले पत्रकारिता शिक्षाको पाठ्यक्रम पाँच भागमा बाँडेको थियो– सामान्य सामर्थ्य (General competence), प्रयोगात्मक विधि (Practical technique), प्रक्रिया सामर्थ्य (Process competence), व्यावसायिक आचारसंहिता (Professional ethics) र विषयको सामर्थ्य (Subject competence) ।

सामान्य सामर्थ्यअन्तर्गत विश्लेषण गर्ने क्षमता पर्छ भने प्रयोगात्मक विधिमा समाचार सङ्कलन, लेखन, सम्पादन र उपकरणको ज्ञान । प्रक्रिया सामर्थ्य भनेको

---

[६] लालदेउसा राईसँग २०६६ असोज ६ मा गरिएको कुराकानी ।

[७] यो पाठ्यक्रमबारे भट्टराई र भट्टराई (२०५५) मा समेटिएको छ ।

मिडिया सामग्रीलाई असर पार्न सक्ने तत्त्व र यसले पार्न सक्ने प्रभावको ज्ञान हो । व्यावसायिक आचारसंहिता भनेको पत्रकारिताको क्षेत्रमा पालना गर्नुपर्ने नैतिक मूल्य र मान्यतासम्बन्धी ज्ञान हो । र, विषय सामर्थ्य चाहिं मिडिया सामग्रीसँग जोडिएको सामाजिक, राजनीतिक र आर्थिक विषयको ज्ञान हो (डोन्सबाच र फिल्डर सन् २००८) ।[८] नेपालमा पत्रकारिता शिक्षाको पाठ्यक्रममा यी पाँचओटै तत्त्व केही न केही मात्रामा अवश्य छन् । तर, यहाँ सजिलोका लागि समग्र पाठ्यक्रमलाई सैद्धान्तिक र प्रयोगात्मक पक्षमा विभाजन गरी चर्चा गरिएको छ ।

## *सैद्धान्तिक पक्ष*

नेपालमा प्रचलित पत्रकारिता शिक्षाले विद्यार्थीलाई पत्रकारिता तथा आमसञ्चारका विभिन्न पक्षको ज्ञान दिन खोजेको छ । यस्तै ज्ञानलाई यहाँ सैद्धान्तिक पक्ष भनिएको हो । यसअन्तर्गत प्रयोगात्मक सीप पर्दैन । सैद्धान्तिक पक्षलाई तहगत आधारमा निम्न हिसाबले केलाउन सकिन्छ :

### *माध्यमिक तह*

माध्यमिक तहको पत्रकारिता शिक्षालाई पत्रकारिता मात्र भनिएको छ । यसलाई ऐच्छिक विषयका रूपमा राखिएको छ । भविष्यमा पत्रकार हुन चाहने व्यक्तिलाई पत्रकारिताको आधारभूत जानकारी दिनु यस पाठ्यक्रमको उद्देश्य हो (राई २०५७, राई २०५९) । यस पाठ्यक्रममा नेपाललगायत अन्य मुलुकहरूको पत्रकारिताको विकास क्रमबारे सङ्क्षिप्त चर्चा गरिएको छ । पत्रकारिताको मुख्य पक्ष नै समाचार सङ्कलन, लेखन र सम्पादन हो । त्यसैले कक्षा ९ कै पाठ्यक्रममा समाचारको चिनारी, समाचार सङ्कलन र सम्पादनजस्ता विषय समेटिएका छन् । विद्यार्थीलाई छापा, रेडियो र टेलिभिजनका समाचारबारे सामान्य जानकारी दिन खोजिएको छ । त्यस्तै, यसमा समाचार लेखनमा नेपाली भाषाका विभिन्न

---

८ युनेस्कोले तयार गरेको पत्रकारिताको पाठ्यक्रममा पनि पाँचओटा आधारशीला दिइएको छ: विवेचनात्मक रूपमा सोच्ने योग्यता, बुझाइको सीप समावेश भएको योग्यता, विश्लेषण, संश्लेषण र मूल्याङ्कन (अज्ञात सामग्रीका) र प्रमाण र अनुसन्धान विधिको आधारभूत ज्ञान; वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरी स्पष्टसँग र सामञ्जस्यपूर्ण रूपले लेख्ने योग्यता; राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिक, आर्थिक, सांस्कृतिक, धार्मिक र सामाजिक संस्थाहरूको ज्ञान; वर्तमान अवस्था र मुद्दाहरूको ज्ञान इतिहास र भूगोलको साधारण ज्ञान (युनेस्को सन् २००७ : ९) । यो कुरा डोन्सबाच र फिल्डरको तर्कभन्दा त्यति फरक छैन ।

पक्षबारे पनि सिकाइएको छ । कक्षा ९ को पाठ्यक्रमले विद्यार्थीलाई पत्रकारिताको आधारभूत जानकारी दिएको छ । कक्षा १० को पाठ्यक्रम भने कक्षा ९ कोभन्दा केही गहन र विस्तृत छ । छापा पत्रकारिताको साजसज्जा र पत्रकारिताको आर्थिक एवं प्राविधिक पक्ष समेटिएको छ । कक्षा ९ को पाठ्यक्रम मुख्यतः छापामाध्यममा केन्द्रित छ । तर, कक्षा १० को पाठ्यक्रमले छापा सँगसँगै प्रसारण पत्रकारितालाई पनि समेटेको छ । १० कक्षामा प्रेस स्वतन्त्रताका विविध पक्ष पनि पठाइन्छ । सरसर्ती हेर्दा माध्यमिक तहका यी दुई पाठ्यक्रमले विद्यार्थीलाई पत्रकारिताको आधारभूत ज्ञान दिन खोजेको देखिन्छ । तर, यसले पत्रकारिताको अर्थ-राजनीतिको पाटोलाई भने पटक्कै छोएको छैन । पाठ्यक्रम विज्ञापनको चर्चा गर्छ तर सञ्चारमाध्यममा विज्ञापनदाताको सम्भाव्य हस्तक्षेपबारे मौन छ । यसले मिडिया मालिकको स्वार्थको पनि चर्चा गरेको छैन । यस पाठ्यक्रमले विद्यार्थीलाई आदर्श पत्रकारिताबारे जानकारी दिन्छ (महर्जन २०६४) ।

*प्रमाणपत्र/उच्च माध्यमिक तह*

माध्यमिक तहमा पत्रकारिता नपढेका व्यक्तिले पनि प्रमाणपत्र तहमा पत्रकारिता पढ्ने सम्भावना छ । त्यसैले माध्यमिक तहको पाठ्यक्रममा भएका केही विषय त्रिविको प्रमाणपत्र तहमा पनि छन् । यस तहलाई भने आमसञ्चार (पत्रकारिता) भनिएको छ । त्रिविले चलाएको पत्रकारिता र आमसञ्चारको पहिलो तह हो यो । दुई वर्षे प्रमाणपत्र तहको पाठ्यक्रममा २०० पूर्णाङ्क पत्रकारितालाई छुट्टयाइएको छ । पहिलो वर्षको पाठ्यक्रममा पनि माध्यमिक तहको पाठ्यक्रममा झैं पत्रकारिता र आमसञ्चारका सामान्य विषय समेटिएको छ । आमसञ्चारको परिचय, नेपालमा पत्रकारिता तथा आमसञ्चारको विकास, पत्रकारिताको परिचय, पत्रकारिता आचारसंहिता, समाचार स्रोतजस्ता विषय यसमा समेटिएका छन् (टियु २०५८/५९) ।

दोस्रो वर्षको पाठ्यक्रममा विकास सञ्चार, सञ्चार सिद्धान्त, लेखन तथा रिपोर्टिङ, फोटो पत्रकारिताजस्ता विषय समेटिएको छ । विकास सञ्चारअन्तर्गत यसको परिचय, सिद्धान्त र प्रयोगबारे जानकारी छ । सञ्चार सिद्धान्तमा सञ्चारका विभिन्न प्रारूप (model) बारे चर्चा छ । यस प्रकारको सैद्धान्तिक ज्ञान माध्यमिक तहको पाठ्यक्रममा पाइँदैन । यस्तै, दोस्रो वर्षको पाठ्यक्रममा लेखन र रिपोर्टिङका विभिन्न पक्षलाई पनि समावेश गरिएको छ । पाठ्यक्रमलाई पत्रपत्रिका, म्यागेजिन, रेडियो र टेलिभिजनमा छुट्टयाइएको छ । यसमा पत्रिकाका लागि समाचार, फिचर, समाचार विश्लेषण, सम्पादकीय लेखन; म्यागेजिनका लागि फिचर,

स्तम्भ, सम्पादकीय; टेलिभिजन र रेडियोका लागि समाचार लेखन र रिपोर्टिङ पदर्छन् (टियु २०५७/५८) ।

उच्च माध्यमिक तहको पाठ्यक्रम[९] लाई आमसञ्चार र पत्रकारिता भनिएको छ । यो दुई वर्षको हुन्छ । कक्षा ११ को पाठ्यक्रममा आमसञ्चार र पत्रकारिता, समाचारको अवधारणा, समाचार रिपोर्टिङ, प्रेस स्वतन्त्रता र मानवअधिकार तथा प्रयोगात्मक विधिजस्ता पाँच एकाइ छन् (क्षेत्री २०६५) । कक्षा १२ को पाठ्यक्रममा भने समाचार सम्पादन, फोटो पत्रकारिता, विशिष्ट रिपोर्टिङ, प्रेस र कानुन तथा प्रयोगात्मक विधिजस्ता ६ एकाइ छन् । पहिलो विशिष्ट रिपोर्टिङमा पत्रकारिताका सैद्धान्तिक पक्ष समेटिएको छ । साथै, यसमा खेलकुद, अपराध, विकास र अदालत विषयका रिपोर्टिङ पनि पर्दछन् । दोस्रो विशिष्ट रिपोर्टिङ भने प्रसारण पत्रकारितासँग सम्बन्धित छ । उच्च माध्यमिक तहको पाठ्यक्रम प्रमाणपत्र तहको पाठ्यक्रमभन्दा खासै फरक छैन । पत्रकारितासम्बन्धी सामान्य सीप र सैद्धान्तिक ज्ञान दिनु नै यस पाठ्यक्रमको उद्देश्य हो । यस पाठ्यक्रमले विद्यार्थीलाई भविष्यमा पत्रकारिताको एड्भान्स्ड र विशिष्ट विषयको ज्ञान र सीप आर्जन गर्न सहज बनाउँछ । समग्रमा यस पाठ्यक्रमको उद्देश्य विद्यार्थीलाई पत्रकारिताको महत्त्व बुझाई पत्रकार बन्न प्रेरित गर्नु हो ।

*स्नातक तह*

नेपालमा स्नातक र स्नातकोत्तर तहलाई उच्च शिक्षाका रूपमा लिइन्छ । स्नातक तह उच्च शिक्षाको पहिलो खुड्किलो हो । पत्रकारिता र आमसञ्चारको शिक्षा स्नातक तहमा त्रिवि, पूवि र कावि गरी तीनओटा विश्वविद्यालयले पढाइरहेका छन् । त्रिवि र पूविको पाठ्यक्रममा धेरै समानता अनि थोरै भिन्नता पाइन्छ ।

त्रिविअन्तर्गत पत्रकारितामा स्नातक तहको शिक्षा तीन वर्षे छ ।[१०] स्नातक तहको शिक्षाको मुख्य उद्देश्य सञ्चार क्षेत्रमा काम गर्न सक्ने ज्ञान र सीप भएका जनशक्ति निर्माण गर्नु हो (राई र खनाल सन् १९९८) । यस तहको पहिलो वर्षको पढाइ पत्रकारिता तथा आमसञ्चारको परिचयमा केन्द्रित छ । यसमा पत्रकार र

---

[९] यस पाठ्यक्रमको अध्ययनका लागि (क्षेत्री २०६५ र क्षेत्री २०६६) हेरिएको थियो । यी दुई पुस्तकमा कक्षा ११ र १२ को पाठ्यक्रम दिइएको छ ।

[१०] यो पाठ्यक्रम सिडिसी (सन् १९९६) मा हेरिएको हो । पत्रकारिताको पाठ्यक्रममा केन्द्रित भएकाले यस खण्डमा सेफर्ड कलेजले अध्यापन गराउने मिडिया टेक्नोलोजी र काठमाडौं विश्वविद्यालयले अध्यापन गराउने मिडिया अध्ययनको पाठ्यक्रमलाई हेरिएको छैन ।

समाज, आमसञ्चारको काम र राष्ट्रिय विकासमा यसको भूमिका, पत्रकारिताको सिद्धान्त र व्यवहार, सिद्धान्त र सञ्चार प्रक्रियाको प्रारूपजस्ता विषय समेटिएका छन् । यो पाठ्यक्रम प्रमाणपत्र तहको भन्दा बृहत् छ । यसमा पत्रकारिता र आमसञ्चार विषयअन्तर्गत सञ्चारलाई राष्ट्रियदेखि अन्तर्राष्ट्रिय परिवेशमा चर्चा गरिएको छ । पत्रकारले राष्ट्रिय विकासमा खेल्न सक्ने भूमिका, प्रेसका सिद्धान्त, मिडिया सामग्री, पाठक आदि विषयवस्तु समावेश गरिएको छ । सञ्चार प्रक्रियाका प्रारूपहरू शीर्षकमा समाज परिवर्तनमा सञ्चारको भूमिका, विकास सञ्चार, विकास पत्रकारिताजस्ता विषय समेटिएका छन् । पत्रकारिताको सिद्धान्त र व्यवहार विषयमा भने अन्तर्वार्ता, विशिष्ट रिपोर्टिङ, संसदीय रिपोर्टिङ, अदालती रिपोर्टिङ र खोजमूलक रिपोर्टिङबारे विद्यार्थीलाई जानकारी दिन खोजिएको छ ।

दोस्रो वर्षमा दुईओटा पत्र छन्– १) मिडिया अनुसन्धान र २) आमसञ्चारको इतिहास, कानुन, आचारसंहिता तथा व्यवस्थापन । मिडिया अनुसन्धानको मुख्य उद्देश्य विद्यार्थीलाई मिडिया अनुसन्धानका विभिन्न सिद्धान्तको जानकारी दिनु हो । यसमा मिडिया अनुसन्धानको इतिहास, प्रक्रिया र प्रयोगलाई समेटिएको छ । मिडिया अनुसन्धान स्नातक तहदेखि मात्र पढाइ हुने विषय हो । यस तहमा मिडिया अनुसन्धानबारे आधारभूत तहको जानकारी पाएपछि विद्यार्थी स्नातकोत्तर तहको पढाइका लागि तयार हुन्छ । आमसञ्चारको इतिहास, कानुन, आचारसंहिता तथा व्यवस्थापनको उद्देश्य विद्यार्थीलाई मिडियामा काम गर्न आवश्यक ज्ञान र सीप प्रदान गर्नु हो । यसअन्तर्गत सार्क मुलुकहरूको आमसञ्चारको इतिहास र कानुनबारे जानकारी दिइन्छ । सञ्चार व्यवस्थापनअन्तर्गत सञ्चार संस्थाको संस्थागत अवस्थाबारे जानकारी दिइएको छ ।

तेस्रो वर्षको पाठ्यक्रममा चारओटा पत्र छन् : १) विज्ञापन, जनसम्पर्क तथा मिडियाका मुद्दाहरू २) फोटो पत्रकारिता, एड्भान्स्ड समाचार रिपोर्टिङ तथा सम्पादन ३) टेलिभिजन पत्रकारिता र ४) रेडियो पत्रकारिता । यीमध्ये विद्यार्थीले जम्मा दुईओटा पत्र मात्र पढ्न सक्छन् । विज्ञापन, जनसम्पर्क तथा मिडियाका मुद्दाहरू अनिवार्य पत्र हो भने अरू तीन पत्रमध्ये एउटा पत्र मात्र पढ्न पाउँछन् । विज्ञापन, जनसम्पर्क तथा मिडियाका मुद्दाहरू भन्ने पत्रको मुख्य उद्देश्य विद्यार्थीलाई सञ्चार क्षेत्रको आर्थिक प्रवृत्ति र सञ्चारमाध्यमका महत्त्वपूर्ण मुद्दाको जानकारी दिनु हो । यसमा सञ्चारसम्बन्धी तीनओटा मुद्दाहरू विज्ञापन तथा जनसम्पर्क; मिडियालाई सघाउने पत्रकार क्लब, समाचार समितिजस्ता विभिन्न सेवा (मिडिया सपोर्ट सर्भिसेज) र महिला हिंसा तथा तेस्रो विश्वमा सूचनाको प्रवाहजस्ता विषय समेटिएको छ । फोटो पत्रकारिता, एड्भान्स्ड समाचार रिपोर्टिङ तथा

सम्पादन पत्रको मुख्य उद्देश्य विद्यार्थीलाई फोटोग्राफी, फोटो पत्रकारिता, समाचार रिपोर्टिङ र सम्पादनका एड्भान्स्ड विधिबारे जानकारी दिनु हो । फोटो पत्रकारिताअन्तर्गत क्यामेरा र यसमा प्रयोग गरिने फिल्मबारे ज्ञान दिइन्छ । एड्भान्स्ड रिपोर्टिङ खण्डमा वातावरण, विज्ञान, ग्रामीण क्षेत्रजस्ता विशिष्ट र खोजमूलक रिपोर्टिङ छन् । एड्भान्स्ड सम्पादनमा डमी निर्माण वा विशेष विषय छनोटजस्ता पक्ष समेटिएको छ । टेलिभिजन र रेडियो पत्रकारिताको मुख्य उद्देश्य टेलिभिजन र रेडियोमा पत्रकारिता गर्न आवश्यक ज्ञान र सीप दिनु हो । आरआर क्याम्पसमा भने विज्ञापन, जनसम्पर्क तथा मिडियाका मुद्दाहरू र फोटो पत्रकारिता, एड्भान्स्ड समाचार रिपोर्टिङ तथा सम्पादन मात्र पढाउने गरिएको छ । यसरी हेर्दा त्रिविको स्नातक तहको पाठ्यक्रमले विद्यार्थीलाई पत्रकारिता र आमसञ्चारका विभिन्न पक्षबारे सैद्धान्तिक र व्यावहारिक ज्ञान दिन खोजेको छ ।

पूविको स्नातक तहको पाठ्यक्रम चार वर्षको छ । यो सेमेस्टर प्रणालीमा भइरहेको छ । यसको पाठ्यक्रमलाई ६ सेमेस्टरमा बाँडिएको छ । पहिलो सेमेस्टरमा ६ ओटा पत्रहरू छन्; जसमध्ये तीनओटा मात्र पत्रकारितासँग सम्बन्धित छन् : पत्रकारिता र आमसञ्चारको परिचय, पत्रकारिता रिपोर्टिङ र अन्तरवैयक्तिक सञ्चार । दोसो सेमेस्टरमा पनि ६ ओटामध्ये तीनओटा पत्र मात्र पत्रकारितासँग सम्बन्धित छन् : प्रसारण पत्रकारिता भाग १, समाचार सम्पादन र आमसञ्चारको इतिहास । तेस्रो सेमेस्टरमा विज्ञापन तथा मार्केटिङ, प्रसारण पत्रकारिता भाग २, सञ्चार कानुन, वेभ डेभ्लप्मेन्टजस्ता पत्र छन् । चौथो सेमेस्टरमा भने प्रसारण पत्रकारिता भाग ३, क्षेत्रीय द्वन्द्व तथा सञ्चार, फोटो पत्रकारिता, मिडिया व्यवस्थापन, मिडिया तथा सुरक्षा अङ्कहरूजस्ता पत्र छन् । क्षेत्रीय द्वन्द्व तथा मिडिया र मिडिया तथा सुरक्षा अङ्क पत्र त्रिविको पाठ्यक्रमको विशेषता हो । तर, क्षेत्रीय द्वन्द्व तथा मिडियाको पाठ्यक्रममा मिडियासँग द्वन्द्वलाई जोड्न सकिएको छैन । पाँचौं सेमेस्टरमा एड्भान्स्ड फोटो तथा दृश्य पत्रकारिता; मानवअधिकार तथा लोकतन्त्रका लागि मिडिया; पत्रकारिता मुद्दा तथा अभ्यास अनि लेखन; जनसम्पर्क, न्यायिक सूचना तथा न्यायजस्ता पत्रहरू छन् । मानवअधिकार तथा लोकतन्त्रका लागि मिडिया र न्यायिक सूचना तथा न्यायजस्ता विषय पूविको पाठ्यक्रममा मात्र छन् । मानवअधिकार तथा लोकतन्त्रका लागि मिडिया पत्रमा यिनलाई मिडियासँग राम्ररी जोड्न सकिएको छैन । छैटौं सेमेस्टरमा विकास पत्रकारिता तथा पब्लिक जर्नालिज्म; टेलिभिजन कार्यक्रम निर्माण; फिल्म निर्माण; अङ्ग्रेजी भाषा; द्वन्द्वमा मिडियाको भूमिका पत्रहरू र इन्टर्नसिप छन् ।

स्नातक तहको पाठ्यक्रमले पत्रकारिता र आमसञ्चारका विभिन्न मुद्दाबारे जानकारी दिन्छ। प्रमाणपत्र तहमा सामान्य जानकारी मात्र दिइएका रेडियो, टेलिभिजन, फोटो पत्रकारितालाई अलिक विस्तृतमा दिइएको छ भने मिडिया अनुसन्धानजस्तो नयाँ विषय पनि समावेश गरिएको छ।

*स्नातकोत्तर तह*

नेपालमा अहिले त्रिवि र पूविमा मात्र स्नातकोत्तर तहमा पत्रकारिताको पढाइ भइरहेको छ। त्यसैले यस खण्डमा यी दुवै विश्वविद्यालयको पाठ्यक्रमको विश्लेषण गरिएको छ। यी दुई पाठ्यक्रमबीच भएको समानता र भिन्नताको पनि चर्चा गरिएको छ। सुरुमा त्रिवि र पूविको पाठ्यक्रमलाई छुट्टाछुट्टै अध्ययन गरिएको छ। त्रिविको स्नातकोत्तर तहको पाठ्यक्रमका दुई उद्देश्य छन् : १) पत्रकारिता र आमसञ्चार सिद्धान्त तथा अनुसन्धान अभ्यासको स्तरीय र आधुनिक ज्ञान दिनु, २) एक्काइसौं शताब्दीको पत्रकारिता र आमसञ्चार क्षेत्रको चुनौतीलाई बौद्धिक तरिकाले सामना गर्न सक्ने विद्यार्थी तयार गर्नु (सिडिसी सन् २००२)। यी दुवै उद्देश्य अत्यन्त महत्त्वाकांक्षी छन्। त्रिविको स्नातकोत्तर तहको पाठ्यक्रम दुई वर्षे छ। यसअन्तर्गत जम्मा पाँच सय पूर्णाङ्कका पाँचओटा पत्र छन् : आमसञ्चार सिद्धान्त, पत्रकारिता सिद्धान्त, आमसञ्चारको ऐतिहासिक विकास, अनुसन्धान पद्धति र विश्वव्यापी प्रचलन तथा अन्तर्राष्ट्रिय पत्रकारिता। आमसञ्चार सिद्धान्तले विद्यार्थीलाई आमसञ्चारका सिद्धान्तको ऐतिहासिक, सामाजिक, सांस्कृतिक र संरचनात्मक रूपलाई समग्रतामा बुझ्न सघाउँछ। यसमा खास गरी दुई पक्ष छन् : आमसञ्चारका नमुना (मोडल) र आमसञ्चारका विभिन्न सिद्धान्त। आमसञ्चारका केही मोडल प्रमाणपत्र तहको पाठ्यक्रममा पनि छ। तर, स्नातकोत्तर तहमा भने प्रमाणपत्र तहमा नपढाइने आमसञ्चारका केही अन्य मोडलहरूको पनि जानकारी दिइन्छ। यसमा विगतदेखि वर्तमानसम्म बहस हुँदै आएका सिद्धान्तहरूको चर्चा गरिएको पाइन्छ।

दोस्रो पत्र पत्रकारिताको सिद्धान्त हो। यस पत्रले पत्रकारिताको सैद्धान्तिक पक्षलाई ऐतिहासिक सन्दर्भसहित बुझाउँछ। सञ्चारमाध्यमका गुण-अवगुणबारे विद्यार्थीलाई जानकारी दिन्छ। यसबाट विद्यार्थीले पत्रपत्रिका, म्यागेजिन र प्रसारण पत्रकारिता अनि पत्रकारितासम्बन्धी पूर्वीय र पाश्चात्य सैद्धान्तिक पक्षबारे थाहा पाउँछन्। तेस्रो पत्र आमसञ्चारको ऐतिहासिक विकास हो। यस पत्रको मुख्य उद्देश्य नेपाललगायत विभिन्न मुलुकहरूमा आमसञ्चारका माध्यमको विकास क्रमबारे जानकारी दिनु हो। चौथो पत्र अनुसन्धान पद्धति हो। यस

पत्रको मुख्य उद्देश्य आमसञ्चार अनुसन्धानबारे सैद्धान्तिक ज्ञान र व्यावहारिक सीप दिनु हो । पहिलो वर्षको पाँचौं पत्र विश्वव्यापी प्रचलन तथा अन्तर्राष्ट्रिय पत्रकारिता हो । यसको मुख्य उद्देश्य अन्तर्राष्ट्रिय मिडिया प्रणालीको सन्दर्भमा पत्रकारिताको सिद्धान्त र अभ्यासबारे सिकाउनु हो ।

दोस्रो वर्षको पाठ्यक्रममा दसओटा पत्र छन् : १) अन्तर्राष्ट्रिय तथा अन्तरसांस्कृतिक सञ्चार २) शोधपत्र ३) तुलनात्मक प्रेस कानुन तथा सञ्चार प्रणाली ४) पत्रपत्रिकाको व्यवस्थापन तथा व्यापार ५) जनसम्पर्क ६) प्रसारण माध्यम तथा प्रविधि ७) नेपाली सञ्चार प्रणाली तथा पत्रकारिता ८) विज्ञान तथा वातावरण पत्रकारिता ९) विकास सञ्चार तथा पत्रकारिता र १०) विज्ञापन अध्ययन । यी दस पत्रमध्ये अन्तर्राष्ट्रिय तथा अन्तरसांस्कृतिक सञ्चार र शोधपत्र मात्र अनिवार्य हुन् । बाँकी आठबाट विद्यार्थीले तीनओटा पत्र छान्नुपर्ने हुन्छ । आरआर क्याम्पसमा भने तुलनात्मक प्रेस कानुन तथा सञ्चार प्रणाली, प्रसारण माध्यम तथा प्रविधि र विकास सञ्चार तथा पत्रकारिता पत्र मात्र पढाइ भइरहेका छन् ।

अन्तर्राष्ट्रिय तथा अन्तरसांस्कृतिक सञ्चार पत्रको मुख्य उद्देश्य आमसञ्चार तथा पत्रकारितासम्बन्धी अध्ययनमा अन्तर्राष्ट्रिय सञ्चारले पार्न सक्ने प्रभावबारे सचेत गराउनु हो । तुलनात्मक प्रेस कानुन तथा सञ्चार प्रणालीको मुख्य उद्देश्य प्रेस कानुन तथा सञ्चार प्रणालीको तुलनात्मक जानकारी दिएर विद्यार्थीहरूलाई मिडियाबारे आलोचनात्मक दृष्टि राख्न सक्ने विज्ञ बनाउनु हो । प्रसारण मिडिया तथा प्रविधि पत्रको मुख्य उद्देश्य प्रसारण सञ्चारमाध्यमको प्रविधिबारे जानकारी दिनु हो । विकास सञ्चार तथा पत्रकारिता पत्रको मुख्य उद्देश्य विकास सञ्चारमा ध्यान दिंदै विकास पत्रकारिताको आवश्यकताबारे विद्यार्थीलाई ज्ञान दिनु हो ।

पूविको स्नातकात्तर तहको पाठ्यक्रम पनि दुई वर्षकै हो । यो सेमेस्टर प्रणालीमा आधारित छ । ६ महिनाको एक सेमेस्टर हुने भएकाले पूविको पाठ्यक्रममा चार सेमेस्टर छन् । यसको पाठ्यक्रममा ३० ओटा पत्र छन् (पियु मिति नखुलेको) । पहिलो सेमेस्टरमा सातओटा पत्र छन्: १) आमसञ्चार सिद्धान्त तथा अभ्यास २) आधुनिक पत्रकारिताको सिद्धान्त तथा अभ्यास ३) रिपोर्टिङ/सम्पादन ४) प्रसारण माध्यमको इतिहास तथा वर्तमान प्रवृत्ति ५) सञ्चार कानुन ६) सूचना प्रणालीको आधारभूत पक्ष र ७) परियोजना कार्य । पहिलो सेमेस्टरको पाठ्यक्रममा उद्देश्य दिइएको छैन । तर, दोस्रो सेमेस्टरको पाठ्यक्रममा भने उद्देश्य दिइएको छ । यसको उद्देश्य आमसञ्चारका दृष्टिबाट समाज र सञ्चारको विश्लेषण गर्न, सञ्चार अनुसन्धान गर्न, फोटो पत्रकारिता, प्रसारण-प्रकाशनको एड्भान्स्ड अवधारणा जान्न सक्ने विद्यार्थी तयार गर्ने रहेको छ । दोस्रो वर्षमा

पनि सातओटा पत्र छन्: १) आमसञ्चार उद्योग तथा समाज २) समाचार सामग्री बजारीकरण ३) आमसञ्चारको अनुसन्धान ४) एड्भान्स्ड प्रसारण माध्यम ५) नेपालमा मिडिया र पत्रकारिताको तुलनात्मक अध्ययन ६) प्रसारण-प्रकाशनको एड्भान्स्ड अवधारणा र ७) परियोजना कार्य ।

तेस्रो सेमेस्टरको उद्देश्य विज्ञापन क्षेत्र, जनसम्पर्क, मल्टी मिडिया, छापा र प्रसारण पत्रकारिताको ज्ञान र सीप तथा सार्क मुलुकहरूका मिडियाको अवस्थाबारे जानकारी दिनु हो । यस सेमेस्टरमा सातओटा पत्र छन् : १) आमसञ्चार तथा विज्ञापन २) आमसञ्चार तथा जनसम्पर्क ३) मल्टी मिडियाको प्रयोग ४) इन्टर्नसिप ५) सार्क मिडिया ६) छापा पत्रकारिता र ७) प्रसारण पत्रकारिता । विद्यार्थीले छापा पत्रकारिता र प्रसारण पत्रकारितामध्ये कुनै एक विषय छान्न सक्छन् । चौथो सेमेस्टरको मुख्य उद्देश्य विद्यार्थीलाई मिडिया अनुसन्धान, व्यवस्थापनको ज्ञान र सीप दिनुका साथै सामाजिक, लैङ्गिक, विकास, विज्ञान, वातावरणसम्बन्धी पत्रकारिता, सार्वजनिक सञ्चार, अन्तर्राष्ट्रिय सञ्चार, वैकल्पिक मिडिया र साइबर पब्लिसिङसम्बन्धी जानकारी दिनु हो । यस सेमेस्टरमा दसओटा पत्र छन् : १) मिडिया व्यवस्थापन २) शोधपत्र ३) मिडिया र सामाजिक लिङ्ग ४) विकास पत्रकारिता ५) विज्ञान र वातावरण पत्रकारिता ६) अदालती रिपोर्टिङ ७) सार्वजनिक सञ्चार अभ्यास ८) अन्तर्राष्ट्रिय सञ्चार र तुलनात्मक पत्रकारिता ९) वैकल्पिक मिडिया अभ्यास र १०) साइबर पब्लिसिङ । यीमध्ये मिडिया व्यवस्थापन र शोधपत्र अनिवार्य पत्र हुन् । बाँकी आठबाट विद्यार्थीले दुईओटा पत्र छान्नुपर्ने हुन्छ ।

पूवि र त्रिविको स्नातकोत्तर तहको पाठ्यक्रममा धेरै समानता र थोरै असमानता छ । माथि लेखिसकिएको छ, स्नातक तहमा पत्रकारिता पढेका व्यक्तिले मात्र त्रिविमा स्नातकोत्तर तह पढ्न पाउँछन् । यस्तो व्यवस्था पूविमा छैन । त्रिविमा प्रमाणपत्र र स्नातक तहमै पढिने पत्रकारिताका आधारभूत पक्ष पूविको स्नातकोत्तरको पाठ्यक्रममा समावेश गरिएको छ । पूविको पाठ्यक्रममा पहिला पत्रकारिता नपढेका विद्यार्थीका लागि पत्रकारिताको सामान्य विषय पनि समावेश गरिएको छ ।[११] त्रिवि र पूविमा पढाइने विषयको उद्देश्यमा समानता छ । यी दुवैका पाठ्यक्रमले आमसञ्चार, पत्रकारिता, आमसञ्चारका विभिन्न पक्षबारे सैद्धान्तिक ज्ञान र व्यावहारिक सीप दिन खोजेका छन् ।

---

[११] केसीसीमा स्कुल अफ ह्युमनिटिज एण्ड सोसल साइन्सेसका अध्यक्ष रामकृष्ण रेग्मीसँग २०६६ कात्तिक ६ मा गरिएको कुराकानी ।

### *प्रयोगात्मक पक्ष*

पत्रकारिता तथा आमसञ्चार प्रयोगात्मक विषय हो। विद्यार्थीहरू जति बढी अभ्यास गर्छन्; उति चाँडो सिक्छन्। कक्षामा सिकेको सबै ज्ञान व्यवहारमा ठ्याक्कै लागु गर्न सकिंदैन। त्यसैले पत्रकारिता अध्ययनरत विद्यार्थीलाई समाचार सङ्कलन, लेखन र सम्पादनमा संलग्न गराउन आवश्यक छ। डोन्सबाच र फिल्डर (सन् २००८) ले यसलाई प्रयोगात्मक सीप भनेका हुन्। तर, नेपालमा प्रचलित पत्रकारिता शिक्षाको पाठ्यक्रममा प्रयोगात्मक पक्षको भने कमी छ। २०३८ मा गठन गरिएको शाही प्रेस आयोगले पनि पाठ्यक्रममा प्रयोगात्मक पक्षको कमीलाई औंल्याएको थियो। यसै आयोगले २०३९ मा बुझाएको प्रतिवेदनमा त्रिविको प्रमाण पत्र र स्नातक तहको पत्रकारितामा प्रयोगात्मक पक्ष कमजोर भएकाले यसलाई अझ बढी प्रयोगात्मक र व्यावहारिक बनाउन सुझाव दिइएको थियो (राणा २०६०[२०३८] : ३९८)। अवस्था अहिले पनि उस्तै छ। प्रमाणपत्र तहका दुवै वर्षका पाठ्यक्रममा प्रयोगात्मक कार्य पर्याप्त छैन। यद्यपि दोस्रो वर्षमा चाहिं समाचार, सम्पादकीय तथा फिचर भने लेखाइन्छ। यस्तै, उच्च माध्यमिक तहमा पनि विद्यार्थीले केही समाचार चाहिं लेख्नुपर्छ।

माध्यमिक, उच्च माध्यमिक, प्रमाणपत्र र स्नातकोत्तर तहको तुलनामा स्नातक तहको पाठ्यक्रम अलि बढी प्रयोगात्मक छ। स्नातक तहमा पहिलो वर्षदेखि नै प्रयोगात्मक कार्यलाई ठाउँ दिइएको छ। विद्यार्थीले पहिलो वर्षमै छापा र प्रसारण माध्यमका लागि रिपोर्टिङ, सम्पादन, प्रकाशनको साजसज्जासम्बन्धी प्रयोगात्मक कार्य गर्नुपर्ने छ। तर, आफ्नै रेडियो स्टुडियो नभएका कलेजले प्रसारणसम्बन्धी प्रयोगात्मक कार्य राम्ररी गराउन सकेका छैनन्। दोस्रो वर्षमा विद्यार्थी कुनै सञ्चार गृहमा गएर ६ महिनाका लागि प्रशिक्षार्थीका रूपमा काम गर्नुपर्ने प्रावधान छ। तर, क्याम्पसले सञ्चार गृहसित राम्ररी समन्वय नगर्ने भएकाले विद्यार्थी अलमलमा पर्ने गरेका छन्। पत्रकारिता विषय अध्यापनरत श्रीराम खनाल केही ठूला सञ्चार गृहले यसमा चासो नदिएको बताउँछन्। प्रशिक्षार्थी विद्यार्थीलाई सिकाउने व्यक्ति त्यहाँ कोही पनि हुँदैनन्।[१२] तेस्रो वर्षका सबै पत्रमा प्रयोगात्मक कार्यको व्यवस्था छ। तर, यो पनि पाठ्यक्रममै सीमित छ, व्यवहारमा लागु भएको पाइँदैन। यसै वर्षमा कार्यमूलक पत्रका रूपमा पनि पत्रकारिता विषय राखिएको छ। यसका लागि विद्यार्थीले पत्रिका निकाल्ने, सञ्चार गृहमा गएर प्रशिक्षार्थीका रूपमा छ-आठ महिनासम्म काम गर्नुपर्ने प्रावधान छ।

---

[१२] खनालसँग २०६६ कात्तिक १५ मा गरिएको कुराकानी।

पूविको स्नातक तहको पाठ्यक्रममा पनि विद्यार्थीले केही न केही अभ्यास गर्नुपर्ने व्यवस्था छ । पहिलो सेमेस्टरको पत्रकारिता रिपोर्टिङका लागि विद्यार्थीले समाचार लेख्नुपर्ने हुन्छ । दोस्रो सेमेस्टरको प्रसारण पत्रकारिता (पहिलो भाग) र समाचार सम्पादनमा पनि अभ्यास गर्नुपर्ने प्रावधान छ । प्रसारण पत्रकारिता (पहिलो भाग) पत्रमा हरेक विद्यार्थीले १० मिनेटको रेडियो कार्यक्रम बनाउनुपर्छ । समाचार सम्पादन पत्रमा अभ्यासका लागि ४० अङ्क छुट्टयाइएको भए पनि विद्यार्थीलाई के-के अभ्यास गराउने, पाठ्यक्रममा स्पष्ट उल्लेख छैन । तेस्रो सेमेस्टरको विज्ञापन तथा मार्केटिङ कम्युनिकेसन पत्रका लागि विद्यार्थीले विज्ञापनका केही नमुना बनाउनुपर्ने प्रावधान छ । यस्तै, प्रसारण पत्रकारिताका लागि विद्यार्थीले प्रसारण सामग्रीको रेकर्डिङ र सम्पादन गर्नुपर्छ । चौथो, पाँचौं र छैटौं सेमेस्टरमा क्रमशः प्रसारण पत्रकारिता (भाग तीन) र फोटो पत्रकारिता; एड्भान्स्ड फोटो र दृश्य पत्रकारिता र टेलिभिजन कार्यक्रम निर्माण र फिल्म निर्माण पत्र पढिन्छन् । यी सबै पत्रका लागि केही न केही अभ्यास गर्नुपर्ने प्रावधान छ । छैटौं सेमेस्टरमा त पाँच महिनासम्म इन्टर्नसिपसमेत गर्नुपर्ने प्रावधान छ ।

त्रिविको स्नातकोत्तर तहको प्रसारण माध्यम पत्रमा विद्यार्थीलाई रेडियो सामग्री बनाउन सिकाइन्छ । तर, कुनै सञ्चार गृहमा गएर प्रशिक्षार्थीका रूपमा काम चाहिं गर्नु पर्दैन । पूविको तेस्रो सेमेस्टरको पाठ्यक्रमका लागि भने प्रशिक्षार्थीका रूपमा एक महिना काम गर्नुपर्ने हुन्छ । तर, यो छोटो अवधिलाई पत्रकारिता र आमसञ्चारको प्रयोगात्मक सीपका लागि पर्याप्त मान्न चाहिं सकिंदैन ।

स्नातक र स्नातकोत्तर तहमा प्रयोगात्मक कार्य दुई प्रकारका छन् : अध्ययन अनुसन्धान र पत्रकारिता एवं आमसञ्चारको प्रयोगात्मक सीप । त्रिविको पाठ्यक्रममा सञ्चारका विभिन्न विषयमा विद्यार्थीले अध्ययन अनुसन्धान गर्नुपर्ने प्रावधान छ । पूविमा टम पेपर लेख्नुपर्ने हुन्छ । आरआरबाट पत्रकारितामा स्नातकोत्तर तिलक पाठक स्नातकोत्तर तहको पाठ्यक्रममा अध्ययन र अनुसन्धानलाई अझ बढी जोड दिनुपर्ने तर्क गर्छन् । पाठ्यक्रमले विद्यार्थीलाई मिडियाका विभिन्न मुद्दाबारे आलोचनात्मक लेख लेख्न सिकाउनु आवश्यक छ ।[१३] स्नातकोत्तर तहको पाठ्यक्रमको उद्देश्य विद्यार्थीलाई पत्रकार बनाउनु मात्र होइन; पत्रकारिता र आमसञ्चारका विभिन्न पक्षबारे विशिष्ट ज्ञान प्राप्त आलोचनात्मक दक्ष समूहको निर्माण गर्नु पनि हो । प्रमाणपत्र र स्नातक तह अध्ययनरत धेरै विद्यार्थीहरूको उद्देश्य पत्रकार बन्नु नै भएकाले यस तहको

---

[१३] पाठकसँग २०६६ मङ्सिर १६ मा गरिएको कुराकानी ।

पाठ्यक्रममा प्रयोगात्मक पक्षलाई अझ बढी जोड दिन आवश्यक छ। तर, स्नातकोत्तर तहको मुख्य उद्देश्य चाहिं आमसञ्चार र पत्रकारिताप्रति आलोचक दृष्टि राख्न सक्ने विज्ञ तयार पार्नु रहेको छ।

माथि उल्लेख भएझैं, अरू तहका पाठ्यक्रमको तुलनामा स्नातक तहको पाठ्यक्रममा प्रयोगात्मक पक्ष अलि बढी नै छ। यति हुँदाहुँदै पनि पत्रकारितामा स्नातक धेरै विद्यार्थी समाचार कक्षमा राम्ररी काम गर्न सक्दैनन्। सरकारी क्याम्पसमा पत्रकारिता पढेका विद्यार्थीहरूमा पत्रकारिताको सैद्धान्तिक ज्ञान बढी हुन्छ। तर, उनीहरूमा इतिहास, राजनीति, भूगोल, अर्थनीति आदिबारे त्यति बढी ज्ञान नहुने हुँदा समाचार कक्षमा टिक्न सक्दैनन्। पत्रकारिताको सैद्धान्तिक ज्ञानसँगै अन्य विषयको पनि ज्ञान हुनुलाई डोन्सबाच र फिल्डरले सामान्य सामर्थ्य र विषय सामार्थ्य भनेका छन् (डोन्सबाच र फिल्डर सन् २००८ : ४-५)।

समस्या क्याम्पसमा पनि छ। पत्रकारिताको आधारभूत सीपको अभ्यास विद्यार्थीले क्याम्पसमै गर्नुपर्ने हो। तर, धेरै क्याम्पसमा एक-दुईओटा मात्र समाचार लेखाएर सत्र सिध्याइन्छ। थोरै क्याम्पसले मात्र रेडियोको व्यवस्था गर्न सकेका छन्।[१४] धेरै क्याम्पसहरूसँग उचित प्रयोगशालासमेत छैन (श्रीराम खनाल २०६६)। पत्रकारिता तथा आमसञ्चार त्रिवि केन्द्रीय विभागका चिरञ्जीवी खनालका अनुसार पत्रकारिताका प्रयोगात्मक पक्ष चटक्कै बिर्सिएर दिएको प्रमाणपत्रले पत्रकारिता क्षेत्रमा काम दिंदैन। ऊ पत्रकारिता क्षेत्रको प्रतिस्पर्धी नै बन्न सक्तैन (खनाल, श्रीराम २०६६)। आरआर क्याम्पसको अवस्था पनि दयनीय छ। साधन, स्रोत र विशेषज्ञको अभाव छ (राई २०६३ : २२८)। विद्यार्थी सङ्गठनहरूको अनावश्यक दबावका कारण पनि त्यहाँ क्षमताभन्दा बढी विद्यार्थी भर्ना हुने गरेका छन् (राई र खनाल सन् १९९८)। क्षमताभन्दा बढी विद्यार्थी भएपछि प्रयोगात्मक अभ्यास पनि प्रभावकारी हुन सक्दैन।[१५]

यस्तो अवस्थामा उपाय के छ त ? विद्यार्थीको प्रयोगात्मक सीपका लागि क्याम्पस आफैंले सञ्चारमाध्यम स्थापना गर्न आवश्यक रहेको भनाइ काठमाडौं

---

[१४] सिजेएमसी, आरआर क्याम्पस, मदन भण्डारी मेमोरियल कलेजले रेडियो स्टेसन स्टुडियोको व्यवस्था गरेका छन्।

[१५] स्वतन्त्र विद्यार्थी युनियन र विभिन्न राजनीतिक दलसँग आबद्ध विद्यार्थी सङ्गठनहरूबाट यस्तै किसिमका दबाव अरू सङ्काय र विषयहरूमा पनि उत्तिकै आउने गरेको छ। त्रिविअन्तर्गत समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभागमा पनि यस्तो दबावले क्षमताभन्दा ४-५ गुणा बढी विद्यार्थी भर्ना गर्नुपर्ने बाध्यता छ। प्रयोगात्मक कार्य तथा शोध कार्य राम्रोसँग गराउन नसकिएको सो विभागमा अध्यापनरत मधुसुदन सुवेदीले मार्टिन चौतारीद्वारा २०६७ भदौ २० गते आयोजित छलफलमा बताएका थिए।

विश्वविद्यालयका एसिस्टेन्ट प्रोफेसर निर्मलमणि अधिकारीको छ।[१६] सके त क्याम्पसले सञ्चार गृहसँग राम्रो समन्वय गरी विद्यार्थीलाई इन्टर्नसिपको अवसर उपलब्ध गराउनु पर्छ। यसो गर्न नसके क्याम्पस आफैंले सञ्चारमाध्यम चलाउनु पर्छ। विश्वविद्यालयले क्याम्पसलाई सम्बन्धन दिनुभन्दा पहिला क्याम्पसको प्रयोगशाला तथा अन्य भौतिक पूर्वाधारको अवस्था राम्ररी हर्नु आवश्यक छ। विकसित देशहरूमा यसको राम्रो अभ्यास भएको पाइन्छ। अमेरिकामा लामो समयसम्म पत्रकारिता अध्ययन र अध्यापनमा संलग्न धर्म अधिकारीका अनुसार त्यहाँ स्नातक तहमा सिद्धान्त कम र अभ्यास बढी हुन्छ। पत्रकारिताको आधारभूत सीपको अभ्यास विद्यार्थीले क्याम्पसमै गर्न पाउँछन्। क्याम्पसले नै पत्रपत्रिका, अनलाइन, रेडियो र टिभीको पनि व्यवस्था गरेका हुन्छन्। इन्टर्नसिपको व्यवस्था पनि क्याम्पसमै हुन्छ। पर्याप्त अभ्यासका कारण विद्यार्थीहरू सञ्चारमाध्यममा सजिलै काम गर्न सक्छन्।[१७]

पाठ्यक्रममा इन्टर्नसिपको व्यवस्था भए पनि यहाँ यसको अभ्यास त्यति राम्रो छैन। *दि हिमालयन टाइम्स, अन्नपूर्ण पोष्ट, राजधानी*[१८]जस्ता दैनिक पत्रिकाहरूले विद्यार्थीलाई इन्टर्नसिपका लागि लिन मान्दैनन्। *नेपाल समाचारपत्र*ले भने प्रति विद्यार्थी पाँच सय रुपियाँ लिएर मात्र इन्टर्नसिप गर्न दिने गरेको छ। *गोरखापत्र*मा भने इन्टर्नसिप गर्न सकिने व्यवस्था छ। तर, यसले एकपटकमा दुई-तीनजनालाई मात्र लिने गरेको छ। इन्टर्नसिपका लागि क्याम्पसले सञ्चार गृहसँग राम्ररी समन्वय गर्न सकेको देखिँदैन (बलामी सन् २००९)। *दि काठमाण्डू पोष्ट*का समाचार संयोजक कमलराज सिग्देल तीन महिनामा चार-पाँचजना सम्मलाई मात्र इन्टर्नसिपमा लिन सकिने जानकारी दिन्छन्। यिनी इन्टर्नसिपमा आउने धेरै विद्यार्थीले समाचार नै लेख्न नसक्ने बताउँछन्।[१९] विद्यार्थीले क्याम्पसमै अभ्यास गर्न नपाउँदा उनीहरूमा न्यूनतम् सीपसमेत विकास भएको हुँदैन। यसर्थ पनि सञ्चार गृहले यस्ता विद्यार्थीलाई बोझका रूपमा लिन गरेको पाइन्छ। यति हुँदाहुँदै पनि पत्रकारिता र आमसञ्चार विषयमा स्नातकोत्तर धेरै विद्यार्थी यहाँका ठूला सञ्चार गृहमा कार्यरत छन्।

---

[१६] अधिकारीसँग २०६७ असार ३१ मा गरिएको कुराकानी।

[१७] अधिकारीसँग २०६७ साउन ३ मा गरिएको कुराकानी।

[१८] *राजधानी* दैनिकले २०६६ सालमा विद्यार्थीसँग शुल्क लिई इन्टर्नसिपको मौका दिने नीति लिएको थियो। प्रत्येक विद्यार्थीले पाँच सय रुपियाँ तिर्नुपर्थ्यो। यस्तो व्यवस्था १०-१२ दिन मात्र लागु भयो। *राजधानी*ले २०६७ मा इन्टर्नसिपमा विद्यार्थीलाई लिएको छैन।

[१९] सिग्देलसँग २०६७ साउन ४ मा गरिएको कुराकानी।

नेपालमा स्नातकोत्तर तहमा पत्रकारिता शिक्षा ढिलो गरी सुरु भयो । २०३८ साल तिरै पत्रकारितामा स्नातक गरी काम गर्दै आएका धेरै पत्रकारहरूले २०५८ मा मात्र नेपालमै स्नातकोत्तर पढ्न पाए । यसपछि त नेपालबाटै स्नातकोत्तर गर्ने पत्रकारहरूको संख्या ह्वात्तै बढ्न पुग्यो । २०६७ साउन मसान्तसम्म आरआरबाट स्नातकोत्तर उत्तीर्ण विद्यार्थीको संख्या ९० पुगिसकको छ ।

२०६७ साउन मसान्तसम्म केसीसीबाट ५४ र सिजेएमसीबाट ४५ जनाले स्नातकोत्तर तह उत्तीर्ण गरिसकेका छन् ।[२०] नेपाल पत्रकार महासङ्घले २०६४ असारमा प्रकाशित गरेको *पत्रकारिता* बुलेटिनमा सिजेएमसीका प्रमुख मञ्जु मिश्रले स्नातकोत्तर अध्ययन गरिरहेका ८० प्रतिशत विद्यार्थी पत्रकारितामा संलग्न रहेको दाबी गरेकी छन् (बस्नेत २०६४ : ४) । पत्रकारितामा स्नातकोत्तर अध्ययनरत कति विद्यार्थी पत्रकारितामा सक्रिय छन् भन्ने अध्ययन नभएकाले उनको यो दाबी पुष्टि हुने आधार छैन । तर, यति चाहिं भन्न सकिन्छ कि, पत्रकारितामा स्नातकोत्तर अध्ययनरत धेरै व्यक्तिहरू पत्रकारिता क्षेत्रमा संलग्न छन् । लामो समय (२०४२ देखि) पत्रकारिता गरेर धेरै पछि मात्र स्नातकोत्तर तह अध्ययन गर्नेहरूमध्ये सुरेश आचार्य एक हुन् । पत्रकारिताको अध्ययनबारे उनको भनाइ छ :

> लामो समय प्रयोगात्मक अनुभव भए पनि औपचारिक अध्ययनपछि आत्मविश्वास बढेको छ । अवसर बढेको छ । ...पत्रकारिता नपढे पनि गर्न सकिन्छ तर सैद्धान्तिक ज्ञान नभएकोमा अन्तर हुन्छ ।...इतिहास, वर्तमान र भविष्यको मूल्याङ्कन गर्दै तत्कालीन अन्तर्राष्ट्रिय परिवेशसमेत बुझेर अघि बढ्नुपर्ने चुनौती आजका पत्रकारसामु छ । सैद्धान्तिक ज्ञानविना त्यो पूरा हुन सक्दैन (बस्नेत २०६४: ३ मा उद्धृत ) ।

पत्रकारितामा स्नातकोत्तर उत्तीर्ण व्यक्तिका सामु थुप्रै सम्भावना हुन्छन् । उनीहरू पत्रकारिता प्रशिक्षणमा स्रोतव्यक्ति, पत्रकार, मिडिया अनुसन्धाता, मिडिया विश्लेषकजस्ता भूमिकामा काम गर्न सक्छन् ।

पत्रकारिताका विभिन्न क्षेत्रलाई समेट्ने गरी अन्तर्राष्ट्रिय जगत्मा पनि विभिन्न विषय राखिएको हुन्छ । *कान्तिपुर* दैनिकमा धेरै वर्ष काम गरेपछि रमा पराजुली बेलायतको सिटी विश्वविद्यालयमा सन् २००५ सेप्टेम्बरमा पत्रकारिता पढ्न गएकी थिइन् । पराजुलीको अनुभवमा त्यहाँको पढाइ बढी प्रयोगात्मक

---

[२०] केसीसीका कार्यालय संयोजक राजीव तिमिल्सिनासँग २०६७ भदौ २० मा र सिजेएमसीकी प्रमुख मञ्जु मिश्रसँग २०६७ भदौ १८ मा गरिएको कुराकानीमा आधारित ।

थियो । सैद्धान्तिक अध्ययनसँगै समाचार र फिचर लेख्ने अभ्यास गराइनुका साथै सामग्रीको विश्लेषण गर्न पनि सिकाइन्थ्यो (पराजुली, रमा २०६५) ।

त्यसो भए पत्रकारिता क्षेत्रमा प्रवेशका लागि तालिम राम्रो कि शिक्षा राम्रो त ? यसका लागि एउटै मात्र विकल्प प्रभावकारी हुन्छ भन्न त गाह्रै हुन्छ । पत्रकारितामा प्रवेशका लागि औपचारिक शिक्षा र तालिम दुवै आवश्यक छ । कान्तिपुर सिटी कलेजका रामकृष्ण रेग्मी भन्छन् :

> तालिमको विकल्प अध्ययन होइन, अध्ययनको विकल्प तालिम होइन । दुवैलाई सँगसँगै लानुपर्छ । विश्वविद्यालयको अध्ययन सकेपछि पनि तालिमको आवश्यकता पर्छ, विश्वविद्यालयको शिक्षा सम्भव नदेखिँदा तालिमले काम चलाउनु पर्छ । सिपालु पत्रकारले अध्ययन गर्नुपर्छ, पछिको परिवर्तन र नवीकरणसँग परिचित हुन तालिम लिनुपर्छ (रेग्मी २०६४ : १७३) ।

औपचारिक शिक्षाले सैद्धान्तिक रूपमा जानकार बनाउँछ भने तालिमले व्यावहारिक सीप सिकाउँछ । सञ्चारमाध्यममै कार्यरत रहँदा पनि तालिम लिई आफूलाई अद्यावधिक बनाउँदै लैजानुपर्छ । औपचारिक शिक्षा र तालिम फरक कुरा हुन् । तालिममा सीप सिकिन्छ भने कक्षामा ज्ञान । तालिममा तीन चरण हुन्छन् । तालिम पूर्व, तालिम अवधि र तालिम पछि । आवश्यकता पहिचानपछि तालिम हुन्छ र तालिमपछि तालिम प्राप्त व्यक्तिको क्षमता अभिवृद्धि भए नभएको पनि हेरिन्छ (लिन्टोन र परिक सन् १९६७ : १५-१७) ।

## निष्कर्ष

नेपालमा पत्रकारिता र आमसञ्चार शिक्षाले चौतीस वर्ष लामो यात्रा तय गरिसकेको छ । यसबीच औपचारिक शिक्षा प्राप्त कयौं पत्रकार पनि जन्मिसकेका छन् । पत्रकारिता शिक्षा दिने संस्थाहरू पनि बढेको बढ्यै छन् । यस्ता संस्थाहरू काठमाडौंबाहिर पनि जन्मिँदै र हुर्किँदै छन् । पत्रकारिताले संख्यात्मक रूपमा ठूलै फड्को मारे पनि गुणात्मक रूपमा भने निकै कमजोर छ ।

पत्रकारिता प्रयोगात्मक विषय हो । तर, नेपालको पाठ्यक्रम हेर्ने हो भने यो सैद्धान्तिक विषयजस्तो लाग्छ । तहगत रूपमा हेर्दा स्नातक तहको पाठ्यक्रम बढी प्रयोगात्मक छ । व्यावहारिक सीपका लागि आवश्यक पूर्वाधार जुटाउन नसकिएकाले इन्टर्नसिप त्यति प्रभावकारी हुन सकेको छैन । सञ्चार गृहसँग क्याम्पसहरूले राम्रो समन्वय गर्न नसकेकाले विद्यार्थीहरू रनभुल्लमा परेको

देखिन्छ । पत्रकारिता शिक्षा आर्जन गरे पनि ती विद्यार्थी समाचार सङ्कलन, लेखन र सम्पादनमा दक्ष बन्न सक्दैनन् । पत्रकारिता अध्ययन गरेका विद्यार्थीले पनि आधारभूत किसिमकै तालिम लिइरहेको पाइन्छ । यसो हुन नदिन क्याम्पस आफैंले सञ्चारमाध्यमको व्यवस्था गर्नु आवश्यक छ । पत्रकारिता शिक्षा सञ्चालनका लागि अनुमति दिने बेलामा सम्बन्धित निकायले प्रयोगात्मक सीपका लागि क्याम्पससँग के-कति पूर्वाधार छन्, राम्ररी अनुगमन गर्नु पर्दछ ।

स्नातकोत्तर तहको पाठ्यक्रमको उद्देश्य विद्यार्थीलाई पत्रकार बनाउनु मात्र होइन । पत्रकारितामा स्नातकोत्तर व्यक्ति मिडिया विश्लेषक, मिडिया अनुसन्धानकर्ता पनि हुन सक्छन् । स्नातक तहमा पत्रकारिता सुरु भएको २२ वर्षपछि स्नातकोत्तरमा कक्षा सुरु भएको थियो । स्नातक तहमा पत्रकारिता नपढेकाले पनि पूविमा स्नातकोत्तर तहमा पत्रकारिता पढ्न सक्ने भएकाले अहिले धेरै व्यक्ति पत्रकारितामा स्नातकोत्तर गर्दैछन् ।

त्रिवि र पूविको पत्रकारिताको पाठ्यक्रममा त्यति धेरै फरक छैन । दुवैले पत्रकारिता र आमसञ्चारलाई उत्तिकै महत्त्व दिएका छन् । यसरी दुवै विषय एकै ठाउँ मिसाउनुभन्दा एकै विषयको विशिष्टीकृत पाठ्यक्रम बनाउनु राम्रो हुन्छ ।